जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०   अंक २०२   २०७७ साल फागुन २९ गते शनिबार (13 Mar. 2021 Saturday)   मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वत: बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : धुलिखेल-सिन्धुली-बर्दिवास ... ३ पृष्ठमा : साविक अनुसार नै ... ३ पृष्ठमा : चीनले अलिबाबामाथि ...

# अपहरण मुद्दामा ९ वर्ष कैद सजाय पाएका फरार अभियुक्त १० वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन ।**

सप्तरी प्रहरीले अपहरण मुद्दामा अदालतबाट ९ वर्ष कैद सजाय पाएका एक फरार अभियुक्तलाई १० वर्षपछि पक्राउ गर्न सफल भएको छ ।

आफ्नै छिमेकी एक यूवाको अपहरण गरेको आरोपमा अदालतबाट ९ वर्ष कैद सजाय तोकिएपछि फरार रहेका जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. १ निवासी भोलेन्द्र यादवलाई प्रहरीले पक्राउ गरेको हो ।

यादवमाथी छिमेकी १७ वर्षिय संजिवकुमार साहको अपहरण गरि वेपत्ता बनाएको आरोपमा तत्कालिन पुनरावेदन अदालत राजविराजले अपहरण तथा शरीर बन्धक मुद्दामा ९ वर्ष कैद र २५ हजार जरिवाना सजायको आदेश दिएको थियो । सो आदेश लगत्तै फरार भएका उनी भारतमा बस्दै आएका थिए ।



प्रहरीका अनुसार २०६७ साल कात्तिक २६ गते साँझ घर नजिकैको पोखरी किनारमा छठ पर्व मनाउन गएका बेला भोलेन्द्र नेतृत्वको एक समूहले संजिवको अपहरण गरेको थियो । संजिवको अवस्था भने अहिलेसम्म अज्ञात नै छ ।

महाशिवरात्री पर्व मनाउन बिहीबार गाउँ पुगेको गोप्य सूचनाको आधारमा पुगेको प्रहरी टोलीले उनलाई घरमै लुकीबसेको अवस्थामा पक्राउ गरि शुक्रबार अदालतमा उपस्थित गराएको छ । पक्राउ परेका यादवले संजिवको अवस्था बारे अझै केही नखुलाएको प्रहरीले जनाएको छ ।

अपहरणपछि भारतमै लुकेर बसेका यादवले संजिवका आफन्तलाई फोन गरि ५० लाख रुँपैया फिरौती माग गरेका थिए । जसमधये पटक पटक गरि संजिवका आफन्तले १३ लाख ५ हजार रुँपैया फिरौतीसमेत सीमावर्ती भारतीय क्षेत्रमा गई भोलेन्द्रले भनेको व्यक्तिलाई बुझाएका थिए ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीले चालु आर्थिक वर्षको हालसम्ममा विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय तोकी फरार रहेकाहरुको पक्राउ विवरण शुक्रबार सार्वजनिक गरेको छ ।

चालु आ.ब.को ८ महिनामा विभिन्न अभियोगका ५ सय ६५ फरार अभियुक्त पक्राउ परेको प्रहरीले जनाएको छ । यसरी पक्राउ परेका अपराधीहरुबाट १३ लाख ८९ हजार १ सय ८३ रुँपैया जरिवाना असुली भएको छ भने ९१ वर्ष ११ महिना ४ दिन अदालतको कैद वक्यौता असुली प्रक्रिया अघि बढिसकेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

# एमालेमा महासचिवबाहेक सबै पदाधिकारीलाई हटाइए

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ फागुन ।**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले महासचिवबाहेक सबै पदाधिकारीलाई हटाएका छन् । माओवादी केन्द्रबाट आएका रामबहादुर थापा बादललाई वाग्मती प्रदेशको इन्चार्जको जिम्मेवारी तोकिएको छ ।

२०७१ असारमा भएको एमालेको नवौं महाधिवेशनबाट ओली अध्यक्ष तथा उपाध्यक्षमा विद्या भण्डारी, बामदेव गौतम, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र भीम रावल, महासचिवमा ईश्वर पोखरेल, उपमहासचिवमा विष्णु पौडेल र घनश्याम भुसाल तथा सचिवमा पृथ्वीसुब्बा गुरुङ, प्रदीप ज्ञवाली, भीम आचार्य, योगेश भट्टराई र गोकर्ण विष्ट चुनिएका थिए ।

२०७५ जेठ ३ गतेमा एमाले र माओवादी केन्द्रबीच एकता भएर नेकपा बनेपछि ओली र पुष्पकमल दाहाल प्रचण्ड अध्यक्ष तथा विष्णु पौडेल महासचिव बनेका थिए । नेकपामा बामदेवलाई उपाध्यक्ष मनोनित गरिएको थियो । ५ पुसमा प्रधानमन्त्री ओलीको सिफारिसमा संसद विघटन भएसँगै नेकपा ओली र प्रचण्ड-माधव समूहमा विभाजित भयो । यसको आधिकारिकता विवाद नटुंगिँदै २३ फागुनमा सर्वोच्चले नेकपा खारेज गर्दै एमाले र माओवादी ब्युँताउने फैसला सुनायो ।

त्यसको पाँच दिनपछि एमाले अध्यक्ष ओलीले आफू निकट नेताहरुको बैठक राखेर महासचिव ईश्वर पोखरेलबाहेक अरु पदाधिकारी नरहने निर्णय गराउनु भएको छ । साथै पार्टी प्रवक्तामा प्रदीप ज्ञवाली तोकिएका छन् भने बाग्मती प्रदेशको इन्चार्जमा अष्टलक्ष्मी शाक्यलाई हटाएर रामबहादुर थापा बादल नियुक्त गरेका ओली समूहका एक नेताले जानकारी दिए । बादल समूहका नेताहरुलाई एमालेको केन्द्रीय सदस्य मनोनीत गर्ने निर्णय पनि भएको छ ।

# आजदेखी राजविराजमा राष्ट्रिय भारोत्तोलन प्रतियोगिता हुँदै




**दैनिक समाचारदाता**
**राजविराज, २८ फागुन ।**

प्रथम देवसुन्दर यादव स्मृति राष्ट्रिय खुल्ला महिला/पुरुष भारोत्तोलन प्रतियोगिता शनिबारदेखी राजविराजमा सुरु हुँदैछ । यस प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको आयोजक जिल्ला भारोत्तोलन संघ सप्तरीले जनाएको छ ।

जिल्ला भारोत्तोलन संघ सप्तरीका अध्यक्ष महेश प्रसाद यादवले प्रतियोगितामा सात वटै प्रदेशका साथै सेना, सशस्त्र र नेपाल प्रहरीका गरि २० वटा टिमको सहभागिता रहेको जानकारी दिएका छन् ।

प्रतियोगितामा विभिन्न तौल समुहमा महिला र पुरुष तर्फ ३५/३५ खेलमा प्रतिस्पर्धा हुनेछन् । यस्तै प्रतियोगिताको प्रदेश २ का समाजिक विकास मन्त्री नवल किशोर साहले उद्घाटन गर्ने तय भएको संघका सचिव गोपाल गुप्ताले जानकारी दिएका छन् ।

कुल १ सय २५ खेलाडी सहभागी रहने प्रतियोगितामा महिला खेलाडीको संख्या ४० देखि ५० सम्म रहने उनले बताए । प्रतियोगिताका विजेता खेलाडीलाई कप, मेडल, कदरपत्रका साथै उत्कृष्ट खेलाडीको चयन गरी नगद पुरस्कार दिने तय भएको समेत जानकारी गराइएको छ ।


# नेकपा एमालेले सातै प्रदेशको इन्चार्ज तोक्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ फागुन ।**

नेकपा एमालेले सातै प्रदेशमा इन्चार्ज तोकेको छ । सर्वोच्च अदालतको आदेशअनुसार साविकको अवस्थामा फर्किएको एमालेले शुक्रबार सातै प्रदेशमा पार्टीका इन्चार्ज तोकेको हो ।

एमाले अध्यक्षसमेत रहेका

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# अधुरो सडक निर्माण कार्यप्रति ध्यान पुगोस्

सप्तरीमा अहिले विभिन्न सडकहरुको निर्माण कार्यले तिब्रता पाएको छ। वर्षौदेखी जिर्ण रहेको हुलाकी सडकको निर्माणका साथै राजविराज नगरपालिकाको विभिन्न वडाका अधुरो, जिर्ण तथा नयाँ सडकको निर्माण कार्यले तिब्रता पाएको छ। जसमध्ये केही सडक निर्माण कार्यले तिब्रता पाएपनि अधिकांश सडकहरुको निर्माण कार्य बीचमै अडकिएको छ। सडक निर्माण कार्यको नाममा बीचमै निर्माण कम्पनीले छोडेर अन्यत्र कार्य गरिरहेको छ। जसकारण बीचमै अधुरा छोडिएका ती सडकहरुको दशा पहिले भन्दा पनि झनै खराब भएको छ। मानिसहरुलाई हिडडुल गर्न समस्या भइरहेको छ भने सडक अहिले धुलोमय भएको छ।

हावाहुरीको यस महिनामा सडकको धुलो घरहरुमा प्रवेश गर्नुका साथै मानिसको स्वास्थ्यमा समेत प्रभाव पारिरहेको छ। यतिमात्र नभएर सवारीसाधन गुडाउन समेत समस्या परेको छ। नाला निर्माण कार्य पनि रोकिएको छ। जसले गर्दा घरको पानी बाहिर बगिरहेको छ। यसले सडम फोहर र दुर्घन्धित बनेको छ। यसरी सडक निर्माण कार्यको नाममा झनै बिग्रिएको छ। समयमा निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गर्न नसक्दा स्थानियहरुले सास्ती व्यहोर्नु परिरहेको छ।

समयअवधी भित्र सडक निर्माण कार्य सम्पन्न गराउन सम्बन्धीत निकायले ध्यान दिनु आवश्यक छ। होइन भने अबको केही महिनापछि वर्षाको सुरुवात सँगै सडकको दुरदशा झनै बिग्रिने र वर्षाको समयमा बाढीको पानी समेत घर घरमा पस्ने कुरामा दुईमत नहोला। तसर्थ यस्ता कार्यप्रति सरोकारवाला निकायका साथ स्थानियवासीले समेत चासो देखाउन सकेमात्र समयमै कार्य पुरा हुनेछ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# धुलिखेल-सिन्धुली-बर्दिवास सडक मर्मत हुँदै

काठमाडौँ, २८ फागुन (रासस)।

निर्माण सम्पन्न भएर हस्तान्तरण भएको झण्डै छ वर्षपछि धुलिखेबाट सिन्धुली हुँदै बर्दिवाससम्मको सडकमा धेरै खण्डमा मर्मतको काम अघि बढेको छ। जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले निर्माण गरेको सो सडकमा अहिले आकस्मिक, पटके र नियमित मर्मतसँगै कालोपत्रको तह थप्ने काम (ओभरले) र 'सिङ्गल सर्फेस ट्रेसिङ' समेत अघि बढेको छ।

चालु आवमा झण्डै १०० किलोमिटर लम्बाइमा मर्मत भइरहेको धुलिखेल-सिन्धुली-बर्दिवास सडक आयोजनाले जनाएको छ। यो सडकमा पटके वा नियमित मर्मत गत वर्षहरूमा पनि आवश्यकतानुसार भइरहेको आयोजना प्रमुख सूर्यबहादुर भाटले बताउनुभयो। उहाँले भन्नुभयो, "सडकको तह नै थप्ने गरी र ठूलो क्षेत्रफलमा मर्मतको काम यही वर्षदेखि शुरु भएको हो।"

मर्मतको काम भइरहेका अधिकांश स्थानमा नेपाली रकमबाट नै काम भइरहेको आयोजनाले जनाएको छ। सडक बोर्ड नेपालले बर्सेनि सडकबाट उठाएको दस्तुरबाट सडक मर्मतका लागि आवश्यक रकम छुट्ट्याउँदै आएको छ। त्यसबाहेक यो वर्ष विश्व बैंकको आर्थिक सहयोगमा समेत मर्मत अघि बढाइएको प्रमुख भाटले बताउनुभयो।

बिपी राजमार्गअन्तर्गतको नेपालथोक-धुलिखेल खण्डमा पाँच किमी 'ओभरले' सकिएको छ। सिन्धुलीको खुर्कोट चियाबारी खण्डमा चालु आवमा ३५ किमी सडक 'ओभरले' गर्ने लक्ष्य लिइएको थियो। त्योमध्ये हालसम्म २५ किमी सडक मर्मत सकिएर १० किमी सडकमा काम भइरहेको प्रमुख भाटले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "त्यो १० किमी सडक पनि चैतसम्ममा सकाउने योजना छ।"

नेपालथोकदेखि धुलिखेलसम्मको सडकमा 'सिङ्गल सर्फेस ट्रेसिङ' १० किमी सकिएको र बाँकी १० किमी आगामी चैतमा सकाउने लक्ष्य लिइएको आयोजनाले जनाएको छ। नेपालथोक खुर्कोट सडकमा चालु आवमा २५ किमी ओभरले गर्ने योजना बनाइएको छ। त्यसमध्ये पाँच किमी सकिएर २० किमी सडक 'ओभरले' का लागि ठेक्का भइसकेको छ। उहाँले भन्नुभयो, "यो वर्ष ठेक्का भए पनि अर्को वर्ष मात्रै काम सकिनेछ।"

अहिले भकुण्डेबेँसी क्षेत्रमा पाँच किमी सडक मर्मतको काम भइरहेको छ। नेपालथोक-धुलिखल सडकमा चालु आवमा २० किमी सडक 'सिङ्गल सर्फेस ट्रेसिङ' गर्ने योजना बनाइएको थियो। त्योमध्ये अहिलेसम्म मध्ये १० किमी सम्पन्न भइसकेको छ। बाँकी १० किमीमा निर्माण जारी रहेको र चैतसम्ममा सकाउने लक्ष्य लिइएको बताइएको छ। आयोजनाले सिन्धुली-बर्दिवास सडकमा पाँच किमी मर्मतका लागि ठेक्का सम्झौता गरिसकेको छ। त्यो सडक पनि चालु आवमा नै सम्पन्न हुने प्रमुख भाटले जानकारी दिनुभयो।

सडक हस्तान्तरण सकिएको झण्डै छ वर्षपछि धेरै ठाउँमा एकै पटक मर्मत भइरहेको हो। फरकफरक खण्डमा फरक मितिमा निर्माण सकिएको आयोजनाले जनाएको छ। सबैभन्दा पछिल्लो पटक नेपालथोक-खुर्कोट सडक सम्पन्न भएर हस्तान्तरण भएको हो। त्यसमा पनि यो वर्षदेखि मर्मत शुरु भएको प्रमुख भाटले बताउनुभयो। उहाँका अनुसार यो खण्डमा पाँच किमी सडकमा मर्मत सकियो भने २० किमी मर्मतका लागि केही समय पहिले मात्रै ठेक्का सम्झौता भइसकेको छ।

अहिले मर्मत भइरहेको सडकमध्ये नेपालथोक-खुर्कोट खण्डमा मर्मतका लागि वैदेशिक लगानीसमेत रहेको आयोजनाले जनाएको छ। सो सडकमा २० किमी मर्मतका लागि विश्व बैंकले रु १० करोड र नेपाल सरकारको रु चार करोड ६८ लाख लगानी रहेको छ। बैंकको 'कोर रोड नेटवर्क' कार्यक्रममा सो सडकको मर्मत हुन लागेको हो। चालु आवमा ठेक्का सम्झौता भए पनि निर्माणको काम आगामी आवमा मात्रै सम्पन्न हुने प्रमुख भाटले बताउनुभयो।

सडक निर्माणले एउटा अवधि पार गरेकाले एकै पटक ठूलो क्षेत्रमा मर्मत गरिएको उहाँले बताउनुभयो। आगामी आवमा झण्डै ४० किमी सडकमा 'ओभरले' गर्न आवश्यक रहेको आयोजनाले जनाएको छ। उहाँले भन्नुभयो, "सडक बोर्डले जति रकम छुट्ट्याउँछ, हामीले त्यसैबाट मर्मत गर्छौं।"

सडकको लम्बाइ १६० किमी रहेको छ। सो सडक चार खण्ड रहेकामा बर्दिवास-सिन्धुलीबजारको लम्बाइ ३७ किमी, सिन्धुलीबजार-खुर्कोट ३९ किमी, खुर्कोट-नेपालथोक ३२ किमी र नेपालथोक-धुलिखेल ५० किमी छ। पूर्वी तराईलाई काठमाडौँसँग जोड्ने सबैभन्दा छोटो सडकका रूपमा यो राजमार्ग रहेको छ।

जाइकाले सो सडकको एक लेनमा निर्माण गरेको थियो। सरकारले ठूला सवारीसाधनलाई प्रोत्साहन गर्ने नीति लिएको भए पनि सो सडकमा भने चौडाइ कम भएकै कारण ठूला सवारीसाधनलाई प्रवेश गर्न दिने गरिएको छैन। यातायात व्यवस्था विभागले ३२ सिटभन्दा ठूला क्षमताका सवारीसाधनलाई गुड्न अनुमति दिने गरेको छैन। धुलिखेल-नेपालथोक सडक सन् २००१ मा सम्पन्न भएको थियो भने नेपालथोक-खुर्कोट सडक सन् २०११ मा सम्पन्न भएको थियो। सडक स्तरोन्नति भइरहेको सडकमा विस्तारको समेत आवश्यकता रहेको छ।

# सर्वोच्च अदालतका न्यायाधीशमा चुडाल र सुवेदीका नाम सिफारिश


काठमाडौं, २८ फागुन (रासस)।

न्याय परिषद्को शुक्रबारको बैठकले सर्वोच्च अदालतका न्यायाधीशमा डा कुमार चुडाल र नहकुल सुवेदीका नाम सिफारिश गरेको छ। प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराका अध्यक्षतामा शुक्रबार बसेको परिषद् बैठकले उच्च अदालत पाटनमा कार्यरत डा चुडाल र उच्च अदालत सुर्खेतमा कार्यरत सुवेदीलाई न्यायाधीशमा सिफारिश गर्ने निर्णय गरेको हो।

बैठकले उच्च अदालतका न्यायाधीशमा १८ जना सिफारिश गरेको परिषद्का प्रवक्ता मानबहादुर कार्कीले जानकारी दिनुभयो। न्याय सेवा विशिष्ट श्रेणीका अधिकृतबाट नारायणप्रसाद पौडेल र ऋषि राजभण्डारीका नाम सिफारिश गरिएको छ। नायब महान्यायाधिवक्ता पौडेललाई उच्च अदालत पाटन र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव राजभण्डारीलाई उच्च अदालत पाटनबाट उच्च अदालत पोखराका न्यायाधीशमा सिफारिश गरिएको हो।

न्याय सेवा राजपत्र प्रथम श्रेणीबाट रामेश्वर रेग्मी र ममता खनाललाई उच्च अदालतका न्यायाधीशमा सिफारिश गरिएको छ। बैठकले अधिवक्तातर्फबाट रसुवाका फुर्पा तामाङ, सिरहाकी श्रीधराकुमारी पुडासैनी, सुनसरीका जगदीश घिमिरे, कञ्चनपुरकी पुनमसिंह चन्द, काभ्रेपलाञ्चोकका सागर विष्ट, सिरहाका गणेश ठाकुर र भक्तपुरकी निर्मला शाक्यको नाम उच्च अदालतका न्यायाधीशमा सिफारिश गरेको छ। त्यस्तै जिल्ला न्यायाधीशमा जगत्नारायण प्रधान, माधवेन्द्र रेग्मी, पुरुषोत्तमप्रसाद ढकाल, विष्णु सुवेदी, अर्जुनप्रसाद कोइराला, अमृतबहादुर बस्नेत र मेदिनीप्रसाद पौडेलका नाम सिफारिश भएको छ।

कोभिड-१९ रोग विरुद्धको खोप अभियान- २०७७/७८



"स्वास्थ्य, समृद्धि र सुरक्षा, कोभिड-१९ खोपले गर्छ रक्षा"

यही मिति २०७७।११। २३ गते देखि २९ गते सम्म कोभिड १९ रोग विरुद्ध खोप अभियानमा ६५ बर्ष माथिका सम्पूर्ण जेष्ठ नागरिकहरुले आ-आफनो वाड अन्तरगतको स्वास्थ्य संस्थाको खोप केन्द्रमा गइ तपशिल अनुसारको मिति र स्थानमा खोप लगाउन हुन सवैमा हार्दिक अपिल गर्दछु।

तपसिल-

पहिलो चरण २०७७।११।२३ र २४ गते

शम्भुनाथ, खडक, सुरुगा, बोदेवर्साइन, डाक्नेश्वरी न.पा. र छिन्नमस्ता, राजगढ, विष्णुपुर, बलानविहुल गा.पा.।

दोश्रो चरण २०७७।११।२८ र २९ गते

राजविराज, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तकोशि, कंचनरुप न.पा. र रुपनी, अग्नीसाइर कृ., तिरहुत, महादेवा, तिलाठी कोइलडी गा.पा.।

आयोजक
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य कार्यालय सप्तरी

खोप निःशुल्क पाइन्छ   खोप सुरक्षित हुन्छ   खोपले जिवन रक्षा गर्छ

# साविक अनुसार नै पशुपतिनाथ मन्दिर खुला

काठमाडौँ, २८ फागुन (रासस)।

महाशिवरात्रिदेखि पशुपतिनाथ मन्दिर बिहान ५ बजेदेखि बेलुकी ७ बजेसम्म खुला हुने भएको छ।

कोरोना सङ्क्रमण रोकथाम तथा न्यूनीकरणका लागि गत वर्ष चैत ११ गते लागू गरिएको बन्दाबन्दीअघिकै समयानुसार मन्दीर खुला हुने पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले बताउनुभयो।

विसं २०७६ चैत ११ गते कोरोना सङ्क्रमण रोकथाम तथा न्यूनीकरणका लागि बन्दाबन्दी जारी गरिएपछि पशुपतिनाथ मन्दिरमा भक्तजनलाई दर्शन गर्न पनि रोक लगाइएको थियो। कोरोनाको जोखिम कम हुँदै गएपछि पुस १ गतेदेखि बिहान ६ बजेदेखि दिउँसो २ बजेसम्म मन्दिर खुला गरिएको थियो। बिहीबार महाशिवरात्रिपछि शुक्रबारदेखि भने विसं २०७६ चैत १० गतेसम्म खुला गरिएअनुसार मन्दिर खुला गरिएको कोषका कार्यकारी निर्देशक डा खतिवडाले जानकारी दिनुभयो।

शुक्रबारदेखि नै पशुपतिनाथ मन्दिर बिहान ५ बजेदेखि बेलुकी ७ बजेसम्म खुला हुने भएको छ। मध्याह्न करिब एक घण्टा भने पशुपतिनाथको पूजा एवं भोगका लागि मन्दिर बन्द गर्ने विधि छ।

**विशेष पूजा निरन्तर**

कोरोनाकालमा रोकिएको विशेष पूजा पनि कोषले फागुन २५ देखि शुरु गरेको छ। हाल रु एक हजार १०० देखि रु २७ हजारसम्मको विशेष पूजा रसिद काटेर गर्न थालिएको कोषका कोषाध्यक्ष डा मिलनकुमार थापाले राससलाई जानकारी दिनुभयो। पशुपतिनाथ मन्दिरमा रु एक हजार १०० देखि रु २५ लाखसम्मको विशेष पूजा हुने गरेको छ।

कोषले महाशिवरात्रिको अवसर पारेर स्वास्थ्य सुरक्षाका विधि अपनाउँदै विशेष पूजा खुला गरेको हो। महाशिवरात्रिका अवसरमा बिहीबार भने रु पाँच हजार १०० र रु ११ हजारका गरी दुई किसिमका विशेष पूजामात्र गरिएको थियो। महाशिवरात्रिका दिन रु पाँच हजार १०० को रसिद काटी विशेष पूजा गर्नेबाट दुई जना र रु ११ हजारको रसिद काटी पूजा गर्नेका तर्फबाट चार कर्तालाई मन्दिरमा दर्शन गर्ने व्यवस्था मिलाइएको कोषले जनाएको छ।

कोषले विशेष पूजाको रसिद काटेर पूजा गराउने विधि तय गरेको छ। विशेष पूजाबाट कोषलाई वार्षिक रु नौदेखि रु १० करोडसम्म आम्दानी हुने गरेको छ। आर्थिक वर्ष २०७५/२०७६ मा विशेष पूजाबाट रु नौ करोड ४० लाख ९३ हजार १४५ आम्दानी भएको थियो। गत वर्ष चैतदेखि नै कोरोनाका कारण विशेष पूजा रोकिएको थियो। कोरोनाका कारण करिब नौ महिना मन्दिरसमेत बन्द भई विशेष पूजा रोकिँदा पनि रु छ करोड एक लाख ८९ हजार ४७५ आय भएको कोषाध्यक्ष थापाले बताउनुभयो।

**शनिबार साधु सन्तको बिदाइ**

महाशिवरात्रिमा पशुपतिनाथ दर्शनमा आउनुभएका साधुसन्तलाई शनिबार दक्षिणासहित बिदाइ गरिने भएको छ। शनिबार बिहान ९ बजेदेखि साधुसन्त बिदाइको कार्यक्रम राखिएको कार्यकारी निर्देशक खतिवडाले सुनाउनुभयो। यस वर्ष कोषले रु १०० देखि रु १५ हजारसम्म दक्षिणा दिएर साधुसन्त बिदाइ गर्ने तयारी गरेको छ।

साधुसन्तलाई विभिन्न वर्गमा वर्गीकरण गरी स्तरअनुसार दक्षिणा दिएर बिदाइ गरिने कोषले जनाएको छ। यसैगरी गुठी संस्थानले पनि साधुसन्तलाई दक्षिणा एवं फाल्गुन शुक्ल एकादशीका दिन राष्ट्रपति विद्यादेवी भण्डारीले सङ्कल्प गर्नुभएका सामग्री दिएर बिदाइ गरिन्छ। फागुन कृष्ण एकादशीदेखि औँसीसम्म संस्थान र कोषले साधुसन्तलाई बस्ने, खाने एवं धुनी जगाउने व्यवस्था गर्ने विधि छ।

साधुसन्तको बिदाइ नभएकाले पशुपति क्षेत्रमा शुक्रबार पनि भक्तजनको चहलपहल छ। महाशिवरात्रिका अवसरमा बिहीबार मन्दिरभित्र प्रवेश गरेर दर्शन गर्न नपाएका भक्तजन शुक्रबार बिहानदेखि भीड लागेको कोषले जनाएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### चीनले अलिबाबामाथि एक अर्ब डलर जरिवाना गर्ने तयारी

बेइजिङ, २८ फागुन (रासस-एएफपी)।

चीनले ई-कमर्श क्षेत्रको शक्तिशाली कम्पनी अलिबाबामाथि एकाधिकार नियमहरु उल्लङ्घन गरेको आरोपमा झण्डै एक अर्ब डलर जरिवाना गर्न लागेको समाचार सार्वजनिक भएको छ। यो रकम चीनमा कुनै पनि कम्पनीमाथि भएको आजसम्मकै सबैभन्दा ठूलो जरिवाना हो।

यसअघि सन् २०१५ मा अमेरिकी चिप निर्माता कम्पनी क्वालकमले ९७ करोड ५० लाख डलर जरिवाना तिरेको थियो। क्वालकममाथि चीनमा प्रतिस्पर्धा रोक्ने कार्यमा अवरोध पुऱ्याएको आरोप लागेको थियो।

अमेरिकी अखबार वाल स्ट्रिट जर्नलमा बिहीबार अलिबाबामाथिको जरिवाना सम्बन्धी समाचार छापिएको थियो। त्यसलगत्तै एएफपीले अलिबाबाका विषयमा चिनियाँ अधिकारीहरुसँग सम्पर्क गर्दा उनीहरुले यसबारेमा केही बताउन चाहेनन्। चीनको सबैभन्दा ठूलो अनलाइन सपिङ पोर्टलका रुपमा स्थापित अलिबाबामाथि चिनियाँ अधिकारीहरुले केही महिनादेखि अनुसन्धान र छानबिन गरिरहेका छन्। यो कम्पनी हरेक चिनियाँका लागि सामान खरिद र ढुवानीका लागि निकै भरपर्दो र लोकप्रिय माध्यम बनेको छ।

तर अलिबाबाका संस्थापक अर्बपति व्यापारी ज्याक मा ले गत वर्ष अक्टोबरमा चिनियाँ नियामक निकायका गतिविधिमाथि आलोचना गरेपछि उहाँ र उहाँका व्यवसाय सरकारी निकायहरुको आँखाका तारो बनेका छन्। गत नोभेम्बरमा चिनियाँ वित्तीय नियामक निकायहरुले अलिबाबाको अनलाइन भुक्तानीसम्बन्धी सहायक कम्पनी “एन्ट ग्रुप”ले सार्वजनिक गर्न लागेको ३५ अर्ब डलरको हङकङ-शाङ्घाई प्रारम्भिक शेयर निश्कासनलाई रोकिदिएका थिए।

त्यसको एक महिनापछि अधिकारीहरुले अलिबाबाको व्यावसायिक गतिविधिको फाइलमाथि अनुसन्धान शुरु गरे। त्यही समय स्वयं ज्याक मा मध्य जनवरीसम्म सार्वजनिक रुपमा कतै देखा पर्नु भएन। चीनको पूर्वी शहर हान्झाउमा रहेको अलिबाबा कम्पनीले गत महिना राज्य प्रशासनका अधिकारीहरुलाई अनुसन्धानमा पूर्ण सहयोग गर्ने बताएको थियो।

जर्नलका अनुसार अनुसन्धान अधिकारीहरुले अलिबाबाले आर्जन गरेको सम्पत्ति अन्य असम्बन्धित क्षेत्रमा प्रवाह गरिरहेको छ छैन भन्ने खोजी गरिरहेका छन्। अलिबाबाका प्रवक्ताले उक्त घटनाका बारेमा पनि केही बताउन चाहेनन्। अलिबाबामाथि आफूसँग आबद्ध व्यापारीहरुलाई अन्य प्रतिस्पर्धी ई-कमर्श कम्पनीमा सूचीकृत हुन रोक्दै आएको आरोप छ।

### द्वन्द्व रोक्ने काममा पहल गर्न राष्ट्रसंघीय महासचिवको आग्रह

संयुक्त राष्ट्रसंघ, २८ फागुन (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले विश्वमा द्वन्द्व रोक्ने कामका लागि अधिकतम प्रयास गर्न विश्वका सदस्य राष्ट्रहरुलाई आग्रह गर्नुभएको छ।

उहाँले राष्ट्रसंघीय अधिकार तथा संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुलाई यो आग्रह गर्नुभएको हो। उहाँले भन्नुभएको छ “विश्वमा द्वन्द्व कम गर्ने मात्र होइन यसलाई रोक्ने या स्थगित गर्नेतर्फ कार्यक्रमहरु केन्द्रित गर्नुपर्दछ, त्यसका लागि विश्वका सबै सदस्य राष्ट्रहरुको सक्रिय रुपमा सहयोग आवश्यक छ।”

महासचिव गुटेरेसले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको बैठकलाई भिडियो कन्फ्रेरेन्सिङको सहायताले सम्बोधन गर्दै यसका लागि परराष्ट्र लगायतका आफ्ना नीतिहरु पनि आवश्यक रुपमा अवलम्बन गर्न सदस्य राष्ट्रहरुलाई आग्रह गर्नुभयो।

सो सम्बोधनका क्रममा उहाँले भन्नुभएको थियो “म सबै सदस्य राष्ट्रहरुसँग यो आग्रह गर्न चाहन्छु कि विश्वमा द्वन्द्व रोक्ने अर्थात यसको प्रभाव कम गर्ने खालका उपाय र नीतिहरुको खोजी गर्ने होइन कि द्वन्द्वको अवस्था आउनै नदिने र आए पनि त्यसलाई निर्मूल पार्नेगरी नीति नियमहरु बनाउनु आवश्यक छ।”

विश्वमा अहिले नागरिकहरुले विभिन्न प्रकारका द्वन्द्वहरु र त्यसबाट सिर्जित हिंसा खेपिरहेका छन् भन्दै महासचिव गुटेरेसले यस्ता कैयौँ प्रकारका द्वन्द्व तथा हिंसाहरुलाई झन् बढाउने काममा कोभिड १९को महामारीले इन्धनको काम गरेको बताउनुभयो। त्यसैले पनि यस्ता द्वन्द्वहरुको कारण खोजेर तिनलाई निर्मूल गर्नेगरी काम गर्नुपर्ने उहाँले बताउनुभयो। महासचिव गुटेरेसले यस कार्यका लागि सहजीकरण गर्न राष्ट्रसंघका सदस्य राष्ट्रहरुलाई निर्देशन पनि दिनुभएको थियो।

# राजविराज ३ ले हात पार्‍यो राजबिराज प्रिमियर लिगको उपाधी



**दैनिक समाचारदाता राजविराज, २८ फागुन ।**
राजबिराजमा संचालित राजबिराज प्रिमियर लिग क्रिकेट प्रतियोगिताको उपाधी राजबिराज वडा ३ ले हात पारेको छ ।

राजबिराज वडा ५ को सहयोग, सप्तरी क्रिकेट संघको सहकार्यमा तथा लायन्स क्रिकेट एकेडमीको आयोजनामा स्थानिय पबिमाबि राजबिराजको खेल मैदानमा शुक्रवार सम्पन्न फाइनल खेलमा राजबिराज वडा नं. ५ लाई ५७ रनले पराजित गर्दै राजबिराज वडा ३ ले सो उपाधी हात पारेको हो ।

फाईनल खेलमा टस जितेर राजबिराज ३ ले निर्धारित २० ओभरमा ९ बिकेट गुमाएर २ सय १ रन बनाएको थियो । जसमा निरज यादवले ३ छक्का सहित ४९ रन, बिकास दास ४४, महबुब आलम ३७ रन, अनुज यादब १७ रन, अमल दास १७ रन, रोहन बिक १५ रन जोडेका थिए ।

यता बलिँगतर्फ आयोजक टिम राजबिराज वडा नम्वर ५ का अनिल यादब २ र मुन्ना साह २ तथा रेबती राय, पप्पु यादब १/१ बिकेट हात पारेका थिए ।

प्रतिउत्तरमा २ सय १ रन पछ्याउने क्रममा राजबिराज वडा ५ ले निर्धारित २० ओभरमा ८ बिकेट गुमाएर १ सय ४४ रन मै सिमित भयो । जसमा सुर्दशन सिँहले ५९, डा. राजिव मिश्राले ३० रन तथा नितेश यादब २४ रन जोडेका थिए ।

बलिँगतर्फ बिजय टिम राजबिराज ३ का सुमित झा ३ बिकेट, महबुब आलम २, तथा रोहित सिँह, रोबिन १/१ बिकेट हात पारेका थिए । उक्त फाईनल खेलको म्यान अफ दि म्याच राजबिराज वडा ३ का महबुब आलम घोषित भएका थिए ।

फागुन १८ गते देखी संचालित प्रतियोगितामा म्यान अफ दि सिरिज राजबिराज ५ स्थित अमित यादब, बेस्ट ब्याट्स म्यान राजबिराज १ का चन्द्र प्रकाश मेहता तथा बेस्ट बलर खडक नगरपालिकाका अजय यादब घोषित भए ।

राजबिराज नगरपालिका वडा ५ का वडा अध्यक्ष समीर झाको अध्यक्षतामा आयोजित फाईनल खेलमा राजबिराज नगरपालिका नगरप्रमुख शम्भु प्रसाद यादब, उपप्रमुख साधना झा, प्रदेश क्रिकेट सँघका सचिव तथा सप्तरी अध्यक्ष आयुष श्रेष्ठ, सप्तरी क्रिकेट सँघका उपाध्यक्ष धर्मेन्द्र चौधरी, सचिव चन्दनकुमार यादब, कोषाध्यक्ष तुलानाथ माझी, अम्पायर सँघका अध्यक्ष निरज सिँह, लायन्सका संस्थापक संजय कार्की, प्याब्सनका बरिष्ठ उपाध्यक्ष अरूण देव, पुर्व खेलाडी डा. धिरज सिँह, पुर्व राष्ट्रिय खेलाडी पवन दास लगायतले शुभकामना मन्तब्य दिएका थिए भने बिजेता तथा उपबिजेतालाई शिल्ड, कप, मेडल, प्रमाणपत्र बितरण गरिएका थियो ।

# यसरी पक्राउ परिन् भारतमा कोठी सञ्चालन गर्ने चमेली

काठमाडौँ, २८ फागुन (रासस) ।
नेपाली महिलाले भारतमा पुगेर कोठी सञ्चालन गरेको फेला परेको छ । उनले नेपालबाट महिलालाई लैजाने र वेश्यावृत्तिमा लगाउने गरेको खुल्न आएको छ ।

प्रहरीले भारतमा कोठी सञ्चालन गर्ने मानव बेचबिखन अपराधमा संलग्न रही फरार रहेकी नुवाकोटको साविक गाउँखर्क गाविस-९ की ६२ वर्षीया रुकमाया तामाङ (चमेली) लाई पक्राउ गरेको छ । उनले सीता तामाङका नाममा मानव बेचबिखन गर्ने गरेको खुल्न आएको छ । उनले भारतको नयाँ दिल्लीस्थित जिबी रोडको ५६ नम्बर गल्लीमा कोठी सञ्चालन गरेर बस्ने गरेको खुलेको छ ।

मानव बेचबिखन अनुसन्धान ब्युरोबाट खटिएको प्रहरी टोलीले नुवाकोट प्रहरीको सहयोगमा विदुर नगरपालिकाबाट पक्राउ गरी अनुसन्धान थालिएको ब्युरोका प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले जानकारी दिनुभयो । उनका विषयमा काठमाडौँ जिल्ला अदालतबाट सात दिनको म्यादसमेत थप गरी अनुसन्धान जारी छ ।

पीडित महिलालाई उनका सहयोगीले चितवनमा आफन्तको घरमा काम लगाइदिन्छु भन्ने बहानामा काठमाडौँबाट लगेको अनुसन्धानमा खुलेको छ । त्यसपछि गिरोहले बीच बाटोमा पानीमा बेहोस हुने औषधि खुवाएर भारतको नयाँ दिल्लीस्थित तामाङको कोठीमा पुर्‍याएर बिक्री गरेको खुलेको नेउपानेले बताउनुभयो ।

त्यसपछि तामाङले पीडितलाई बन्धक बनाई जबर्जस्ती यौन पेशामा लगाएकी थिइन् । मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी जाहेरीका आधारमा उनलाई पक्राउ गरिएको हो । उनका सहयोगी अन्यको खोजी जारी रहेको ब्युरोले जनाएको छ ।

## नेकपा एमालेले ...

प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार आफूपक्षीय केन्द्रीय सदस्यहरुको बैठक राखेका थिए ।

एमालेका मुख्य सचेतक विशाल भट्टराईले महाधिवेशनको मितिसमेत तोकेको जानकारी दिँदै २०७८ मंसिर २ देखि ८ मा एमालेको महाधिवेशन गर्ने निर्णय भएको बताए ।

एमालेले प्रदेश १ मा सुवास नेम्वाङ र प्रदेश २ मा सत्यनारायण मण्डल, गण्डकीमा पृथ्वीसुब्बा गुरुङ, लुम्बिनीमा शंकर पोखरेल, कर्णालीमा मणि थापा र सुदूरपश्चिममा लेखराज भट्टलाई इन्चार्ज तोकेको छ ।

यस्तै, एमाले प्रचारविभाग प्रमुख तथा प्रवक्ताको जिम्मेवारी प्रदीप ज्ञवालीलाई दिइएको छ भने संगठन विभागको प्रमुखमा विष्णु पौडेल, विदेश विभागको प्रमुखमा डा. राजन भट्टराईलाई जिम्मेवारी दिइएको छ ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिस्यूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाइजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np